# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
३ नं. प्रदेश, नेपाल
Province No. 3, Nepal

Telephone 01-1412112, 01-1412113, 01-1412114


मितिः २०७७।०१।०३

# मण्डनदेउपुर नगरपालिकाको नगरबासीहरुमा अनुरोध !

आदरणीय सम्पूर्ण नगरबासी आमाबुबा, दाजुभाइ तथा दिदीवहिनीहरु !

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) नेपालका विभिन्न स्थानमा समेत फैलिन सुरु गरेको र हाम्रो नगरपालिकाको सिमाना जोडिएको काठमाण्डौं उपत्यकामा समेत देखिएको छ । यस अवस्थामा नगरबासीहरुको स्वास्थ्य सुरक्षाका निमित्त नगरपालिकाले अत्यन्त संवेदनशील भई काम गरिरहेको छ । यस विषम परिस्थितिको सामना गर्नका लागि निम्नानुसार सहयोग पुर्‍याई सुरक्षित रहनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछु ।

१. नगरपालिका क्षेत्रलाई पूर्णरुपमा लकडाउन गरिएको हुँदा नगरपालिका प्रवेश गर्ने नाला कांशी भञ्ज्याङ, नाला वासुकी नयाँगाउ, नाला रोहिनी, नगरकोट टावर, नगरकोट नयाँगाउ देउपुर, कार्तिके भञ्ज्याङ सिपाघाट, ढाँडखोला सिपाघाट, इन्द्रावती पुल सिपाघाट, अनेकोट घुमाउने चौर नयाँगाउ, कोट्याङ छिनेको पहिरो डांडागाउ, जिरोकिलो मेलम्ची सडक, चाखोला राम्चे सडक, पचासकिलो कोलाचौर देउराली सडक, दोलालघाट ज्याम्दी सडक लगायतका सबै नाकाहरुबाट पैदल, मोटरसाइकल र एम्बुलेन्स बाहेकका सबै सवारी साधनहरु आवत जावत गर्न पूर्णरुपमा रोक लगाइएको छ ।

२. अपरिचित व्यक्तिहरु नगरपालिका क्षेत्रभित्र देखिएमा सबैले निगरानी राख्न र नगरपालिकामा जानकारी गराउन हुन अनुरोध छ ।

३. कोहि कसैको घरमा पाहुना तथा साथीभाइको रुपमा आएर बसेका व्यक्तिहरु भए सम्बन्धित घरबाट बाहिर ननिस्कने गरी राख्न, छरछिमेकीले निगरानी राख्न र अब उप्रान्त कोहि कसैलाई पनि नगरपालिका क्षेत्रभित्र प्रवेश नगराउन हुन जानकारी गराइन्छ ।

४. प्रत्येक वडाले बाहिरबाट आएका व्यक्तिहरुको पहिचान गर्ने, निगरानी राख्ने र नगरपालिकामा जानकारी गराउनु पर्ने छ ।

५. नगरबासीहरु कोहि कसैले पनि विभिन्न बहानामा पाहुना नल्याउन र आफू समेत अन्यत्र नजान जानकारी गराइन्छ ।

६. विदेशबाट आएका सबैले वडा मार्फत नगरपालिकामा सम्पर्क राखी RDT जाँच अनिवार्य गराउन हुन जानकारी गराइन्छ ।

७. कोरोना सम्बन्धी स्वास्थ्य समस्या देखिएमा वा कुनै लक्षण देखिएमा नगरपालिकाले तय गरेको मोवाइल एप्सबाट जानकारी लिन सकिने र डाक्टर संग सल्लाह लिन सकिने व्यवस्था मिलाइएको हुनाले वडा कार्यालय र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी सेवा लिन हुन जानकारी गराइन्छ ।

**"लकडाउनको नियम पूर्णरुपमा पालना गरौं, घरबाट बाहिर ननिस्कौं ।"**

०१।०३।७७

(टोक बहादुर वाइवा)
नगर प्रमुख

**टोकबहादुर तामाङ**
**नगर प्रमुख**

E-mail: ...